तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल

# तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मणिग्रा, रुपन्देही, ५ नं प्रदेश, नेपाल

कार्यपालिका बैठक संख्या २७/०७५/०७६(६३) मितिः २०७६।०२।२१ गते ।

प्रस्तावहरु :

१. नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत "**प्रधानमन्त्री रोजगार कार्यक्रम**" सम्बन्धमा।

२. शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।

३. विविध ।

क) मेलमिलापकर्ताहरुको तालिम संचालन रकम भुक्तानी सम्बन्धमा ।

## निर्णयहरु :

निर्णय नं.-१

**नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत "प्रधानमन्त्री रोजगार कार्यक्रम" का सन्दर्भमा देहाय बमोजिम निर्णय गरियो ।**

१. "**प्रधानमन्त्री रोजगार कार्यक्रम**" अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६) बारेमा छलफल गरी उक्त कार्यविधि अनुसार आयोजना छनौट तथा संचालन गर्ने निर्णय गरियो।

२. "**रोजगारीको हक सम्बन्धी ऐन २०७५", नियमावली २०७५",** र "**प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५**" बमोजिम देहाय अनुसारको **कार्यक्रम निर्देशक समिति** गठन गरियो ।

| | |
|---|---|
| क) नगर प्रमुख श्री बासुदेव घिमिरे | - अध्यक्ष |
| ख) नगर उप-प्रमुख श्री जगेश्वर देवी चौधरी | - सदस्य |
| ग) कार्यपालिका सदस्य श्री दधिराम गौतम | - सदस्य |
| घ) कार्यपालिका सदस्य श्री कृष्णप्रसाद पौडेल | - सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृत श्री कृष्णप्रसाद सापकोटा | - सदस्य सचिव |

३. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत कामका लागि पारिश्रमिकमा आधारित कार्यक्रममा सुचिकृत बेरोजगार व्यक्तिलाई रोजगारी प्रदान गर्न (श्रमिकको ज्यालामा ७० प्रतिशत खर्च



कृष्णप्रसाद सापकोटा

गर्ने गरी) प्राप्त बजेट/अख्तियारी (रू. ७० लाख) तोकिएको मापदण्ड बमोजिम आयोजना छनौट गरी तोकिएकै मापदण्ड बमोजिम खर्च गर्ने ।

४. प्रत्येक वडा कार्यालयले **"कामका लागि पारिश्रमिक"** मा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ९ बमोजिमका श्रम प्रधान आयोजनाहरु नगरपालिकाबाट प्राप्त बजेट अख्तियारीको परिधिभित्र रही रोजगार संयोजकको समन्वयमा छनौट गरी पठाउने । प्रमाण पुगेका बेरोजगार व्यक्तिहरूलाई प्राथमिकताक्रम अनुसार छनौट गरी देहाय बमोजिमको संख्यामा रोजगार कार्यक्रममा सहभागी गराउने ।

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | ४७ | ३५ | ९ | २३ | २८ | १५ | १५ | ८ | ७ | १५ | ६० | ७ | ७ | ११ | ६ | ८ | १५ |

५. **"प्रधानमन्त्री रोजगार कार्यक्रम"** को औपचारिक शुभारम्भ मिति २०७६/०३/०१ गते विहान ७ बजे मणिग्राम चोकबाट गर्ने । उक्त कार्यक्रमको संयोजन कार्यापालिका सदस्यहरु क्रमशः श्री दधिराम गौतम, श्री टंकप्रसाद तिवारी, श्री तामनाथ पाण्डे, दिवाकरण ढकाल, श्री चेतनारायण भण्डारी र रोजगार संयोजक श्री देवेन्द्र ज्ञवालीले गर्ने । उक्त शुभारम्भ कार्यक्रममा बुँदा नं.-४ मा उल्लेख भए अनुसारका संख्यामा सम्बन्धित वडा समितिले उपस्थिति गराउने ।

६. **"प्रधानमन्त्री रोजगार कार्यक्रम"** का लागि **"प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५"** बमोजिम रोजगार संयोजक श्री देवेन्द्र ज्ञवालीद्धारा पेश गरिएका वेरोजगार व्यक्तिहरुको विवरण सम्बन्धी प्रस्ताव स्वीकृत गरियो ।

७. **"प्रधानमन्त्री रोजगार कार्यक्रम"** सँग सम्वन्धी अन्य व्यवस्था सम्बन्धित ऐन नियम र कार्यविधि अनुसार सम्पादन गर्ने ।

निर्णय नं.-२

- तिलोत्तमा नगर शिक्षा समितिको मिति २०७६/०२/१४ गतेको निर्णय छलफल सहित अनुमोदन गरियो ।

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

निर्णय नं.-३

विविध (क)

- तिलोत्तमा नगर सरकारको न्याय प्रशासन तथा न्यायिक कार्यहरुको व्यवस्थापन कार्यमा चुस्तता एवं प्रभावकारीता प्रर्वधन गर्ने ध्येयले मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका लागि संचालित तालिममा खर्च भएको रु.१०,५०,०००।- (अक्षेरुपी रु. दश लाख पचास हजार) रकम आ.व. २०७५/०७६ बजेट शीर्षक नं. २२५२२ (कार्यक्रम खर्च) बाट भुक्तानी दिने निर्णय गरियो ।

कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत